मिति २०८०/१०/०८ गते नगर प्रमुखज्यूबाट मिति २०८०/१०/१० गते आ.ब.०८०/०८१ को नगर कार्यपालिकाको नवौं कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनको मुल्याङ्कन सम्बन्धमा । | • स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० को प्रयोजनको लागि नेपाल सरकारले लागु गरेको स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन, २०७७ बमोजिम यस नगरपालिकाको आ.ब.०७९/०८० को लागि १० विषय क्षेत्र भित्रका उल्लेखित सुचकहरु अध्ययन तथा प्रमाणिकरणका आधारहरुलाई विश्लेषण गर्दा प्राप्त ६५ अंकलाई अनुमोदन गर्ने । |
| २. | कार्यविधि सम्बन्धमा । | • जग्गा खण्डिकरण सम्बन्धी कार्यविधिको विज्ञ सहितको परामर्शमा मस्यौदा निर्माण गरि आगामी नगर कार्यपालिकामा पेश गर्नको लागि विधेयक समितिलाई जिम्मेवारी दिने । |
| ३. | स्वास्थ्य संस्था सिफारिस सम्बन्धमा । | • दक्षिणकाली नगरपालिकाको स्वास्थ्य संस्था ऐन, २०७७ को दफा ९ मा यस नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने प्रदेश र संघिय तहमा दर्ता हुने स्वास्थ्य संस्थाहरुलाई नगर कार्यपालिकाबाट सेवा सञ्चालन गर्नु पूर्व दर्ता र नविकरण सिफारिस लिनु पर्ने व्यवस्था भएकोले तपसिल बमोजिमका स्वास्थ्य संस्थाहरुलाई दर्ता तथा नविकरण प्रयोजनका लागि बागमती प्रदेश सरकारलाई सिफारिस गर्ने ।<br><u>तपसिल</u><br>क. बुद्धि गणेश पोलि क्लिनिक, द.न.पा.६<br>ख. योगिनी क्लिनिक, द.न.पा.५ |
| ४. | बाँसबारी पार्क निर्माण आयोजनाको भेरियसन स्वीकृत सम्बन्धमा । | • द.न.पा.४ मा निर्माणाधिन बाँसबारी पार्कको प्राविधिक प्रतिवेदन अनुसार मुल्याङ्कन गर्दा मु.अ.कर सहित रु.३५,५६,८८१।७० थप रकम व्यवस्थापन गर्न आवश्यक देखिएको र सो रकम सम्झौताको ६.१ प्रतिशत मात्र हुने भएको हुदाँ आवश्यक प्रक्रिया पुरा गरि उक्त ठेक्काको भेरियसन स्वीकृत गर्न नगर प्रमुखलाई जिम्मेवारी प्रत्यायोजन गर्ने । |
| ५. | विविध । | • चालु आ.ब.०८०/०८१ मा संघिय पूर्वाधार विकासका आयोजना, प्रदेशस्तरीय पूर्वाधार विकासका आयोजना र नगर तथा वडास्तरिय पूर्वाधार विकासका आयोजनाहरु निर्माणाधिन एवं सञ्चालनको क्रममा सम्बन्धित उपभोक्ता समिति तथा निर्माण व्यवसायिहरुबाट समेत निर्माणमुखी कच्चापदार्थ ढुवानी गर्ने सवारीसाधन सञ्चालनमा लागि सहजिकरणका लागि अनुरोध भई आएको हुदाँ यस नगरपालिका भित्र त्यस्ता सवारिसाधन आवतजावत गर्नको लागि बिहान ८:०० बजे देखी १०:०० बजे सम्म र दिउँसो ३:०० बजे देखी ५:०० बजेसम्म तथा शनिबार बिहान ५:०० बजे देखी बेलुका ५:०० बजे सम्मको समयमा बाहेक अन्य समयमा सञ्चालन गर्नको लागि ईलाका प्रशासन कार्यालय र ईलाका प्रहरी कार्यालय, फर्पिङलाई अनुरोध गर्ने ।<br>• यस नगरपालिकाको नागरिकलाई सरकारी सेवामा प्रतिस्पर्धा गर्न सक्ने गरी तयार गर्न लोकसेवा आयोग कक्षा सञ्चालनको लागि अनुमानित लागत सहितको कार्यक्रम तयार गरी आगामी नगर कार्यापालिकामा पेश गर्ने । |

रोशन रवाली
प्रमुख प्रशासकीय अधिकृत